"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहुँ

गण्डकी प्रदेश, नेपाल

२०७३

## प्रेस विज्ञप्ति

मिति: २०७६।१०।१६

"विविधतायुक्त गाउँ शहर समृद्ध मेरो व्यास नगर" भन्ने व्यास नगरपालिकाको दीर्घकालिन सोचलाई पूर्णता दिने अभियान अन्तर्गत "पर्यटन, धार्मिक एवं ऐतिहासिक क्षेत्रको पहिचान व्यास नगरपालिकाको अभियान" भन्ने मुल नाराका साथ व्यास नगरपालिका तनहुँद्वारा हरेक वर्ष शहिद दिवसका दिन आयोजना गरिएको मानहुँकोटदेखि पुलिमराङसम्मको ४४ कि.मी. दुरीको तेस्रो खुल्ला व्यास नगर अल्ट्रा म्याराथन प्रतियोगिता कार्यक्रम २०७६ माघ १६ गते सफलताका साथ सम्पन्न भएको छ । व्यास नगरपालिका वडा नं.५ मानहुँकोटमा नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा भएको उक्त कार्यक्रमका प्रमुख अतिथि पूर्व उपप्रधानमन्त्री एवं नेपाली कांग्रेसका पूर्व महामन्त्री माननीय प्रकाशमान सिंहज्यूले उद्घाटन गर्नु भएको थियो । व्यास नगरपालिका खेलकुद समितिका अध्यक्ष एवं वडा नं.९ का वडा अध्यक्ष श्री सुरेश थापाले स्वागत मन्तव्य गर्नु भएको उद्घाटन कार्यक्रममा नगरपालिकाका प्रवक्ता एवं व्यास नगरपालिका वडा नं.५ का वडा अध्यक्ष श्री मोहनकुमार श्रेष्ठले कार्यक्रमलाई सञ्चालन गर्नु भएको थियो । म्याराथनका विज्ञ म्याग्दी जिल्ला निवासी श्री रमेश भट्टचनले धावकहरुलाई म्याराथन प्रतियोगिता सम्बन्धी नियमहरुको बारेमा जानकारी गराउनु भएको थियो । उद्घाटन कार्यक्रममा प्रमुख अतिथि माननीय प्रकाशमान सिंहले शहिदहरुको सम्मान गर्दै एक गाउँ र अर्को गाउँका बीच सम्बन्ध विकसित गर्न म्याराथन प्रतियोगिताले मद्दत पुग्ने बताउनु भएको थियो । उक्त उद्घाटन कार्यक्रममा पूर्व राज्यमन्त्री श्री अमरराज कैनी, संविधान सभा सदस्य श्री रामचन्द्र पोखेल, प्रदेश सभा सदस्य माननीय डोबाटे वि.क., माननीय सरिता गुरुङ, जिल्ला समन्वय समितिका प्रमुख श्री शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रथम नगर प्रमुख श्री ताराप्रसाद श्रेष्ठ लगायत विभिन्न राजनैतिक दलका प्रतिनिधि, कार्यलय प्रमुख, पत्रकार, उद्योग वाणिज्य संघका प्रतिनिधि, जनप्रतिनिधि एवं विभिन्न क्षेत्रका महानुभावहरुको उपस्थिति थियो । उक्त प्रतियोगितामा देशभरबाट विभिन्न जिल्लाका ६९ जना धावकहरुले आवेदन दर्ता गरेकोमा जम्मा ६२ जना धावकहरुले मात्र प्रतियोगितामा भाग लिएका थिए भने प्रतियोगिता बिहान ठिक ८.४५ बजे प्रारम्भ भएको थियो ।

धावकहरु मध्ये पुलिमराङ शहिद पार्कमा पुग्ने पहिलो धावक सोलुखुम्बु जिल्लाका श्री सुमन कुलुङ (जर्सी नं.८) ले २ घण्टा ५९ मिनेटमा, दोस्रो धावक कालिकोट जिल्लाका श्री देवराज महतरा (जर्सी नं.५४) ले ३ घण्टा २ मिनेटमा, तेश्रो धावक भोजपुर जिल्लाका श्री तिर्थ तामाङ (जर्सी नं.५३) ले ३ घण्टा ३ मिनेटमा, सान्त्वना प्राप्त गर्ने चौथो धावक धादिङ जिल्लाका श्री पूर्ण तामाङ (जर्सी नं.५२), पाँचौ धावक भोजपुर जिल्लाका श्री सविन तामाङ (जर्सी नं.५६), छैटौ धावक रामेछाप जिल्लाका श्री गोपाल तामाङ (जर्सी नं.५५), सातौं धावक गोर्खा जिल्लाका श्री सयुनराज गुरुङ (जर्सी नं.६५) र आठौ धावक स्याङजा जिल्लाका श्री निराजन गुरुङ (जर्सी नं.४१) ले पुलिमराङ स्थित शहिद पार्कको अन्तिम विन्दु पार गर्नु भएको थियो । स्मरण रहोस् गएको वर्ष दोस्रो म्याराथन प्रतियोगितामा २ घण्ट ५३ मिनेटमा प्रथम धावकले विजय हासिल गर्न सफल हुनु भएको थियो । विजेताहरुलाई प्रथम, द्वितीय, तृतीय पुरस्कार क्रमश: रु.८१,०७६।, रु.६१,०७६।, रु.५१,०७६ र सान्त्वना पुरस्कार ५ जनालाई जनही रु.१६,०७६। नगद सहित ट्रफी, प्रमाणपत्र प्रमुख अतिथि माननीय प्रकाशमान सिंहज्यूबाट प्रदान गरिएको थियो ।

"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

उक्त अवसरमा पुलिमराङ स्थित शहिद पार्कको उद्घाटन एवं शहिदहरुको शालिक अनावरण समेत माननीय प्रकाशमान सिंहज्यूबाट सम्पन्न भएको थियो । २००७ साल माघ १ मा बन्दीपुरमा शहिद हुनु भएका स्व. धर्मध्वज गुरुङ, २०१८ सालमा कोत्रे खोलामा शहिद हुनु भएका स्व. लालध्वज गुरुङ, २०१८ सालमा भरतपुर शहिद हुनु भएका स्व. शम्सेरबहादुर गुरुङ, २०१८ सालमा पुलिमराङमा शहिद हुनु भएका स्व. भरत गुरुङ, २०१८ सालमा कोत्रे खोलामा शहिद हुनु भएका स्व. सर्वसिंह गुरुङ, स्व. हस्तविर गुरुङ समेत ६ जना शहिदको स्मृतिमा निर्माण भएको शहिद स्मारक पार्कको पूर्व प्रधानमन्त्री एवं युग पुरुष स्व. गिरिजाप्रसाद कोइरालाज्यूबाट २०५१ सालमा शिलन्यास भएको थियो । शहिद पार्क उद्घाटन तथा शहिदहरुको शालिक अनावरण कार्यक्रम एवं म्याराथन प्रतियोगिताका विजेताहरुको पुरस्कार वितरण समारोहको अध्यक्षता शहिद पार्क निर्माण समितिका अध्यक्ष सु. श्री एकबहादुर गुरुङज्यूले गर्नु भएको थियो । उक्त कार्यक्रममा शहिद पार्कका तर्फबाट श्री टेकबहादुर गुरुङ र व्यास नगरपालिकाको तर्फबाट उपप्रमुख श्री मिरा जोशीले प्रमुख अतिथि लगायतका अथितिहरुलाई स्वागत मन्तव्य राख्नु भएको थियो । उक्त अवसरमा संविधान सभाका माननीय सदस्य रामचन्द्र पोखेल, प्रदेश सभा सदस्य माननीय डोबाटे वि.क., माननीय सरिता गुरुङ, व्यास नगरपालिकाका प्रमुख श्री वैकुण्ठ न्यौपाने, काठमाण्डौ जिल्ला नेपाली कांग्रेस सभापति श्री सबुज बानिया, शुक्ला गण्डकी नगरपालिकाका प्रमुख श्री किसान गुरुङ, जिल्ला समन्वय समितिका उपप्रमुख श्री पवित्रा पौडेल, नेपाली कांग्रेस तनहुँका कार्यवाहक सभापति श्री जीतप्रकाश आले, ने.क.पा. जिल्ला सचिव श्री राजेन्द्र केशरी न्यौपाने, शहिद परिवारका तर्फबाट श्री चन्द्रध्वज गुरुङ, म्याराथन विज्ञ श्री रमेश भट्टचनले शुभकामना मन्तव्य राख्नु भएको थियो । पार्क उद्घाटन एवं शालिक अनावरण गर्दै प्रमुख अतिथि माननीय प्रकाशमान सिंहले लोकतन्त्रको लडाईमा सहादत प्राप्त गर्नु हुने शहिदहरुका प्रति सम्मान प्रकट गर्दै आन्दोलनमा जिवित रहनेहरुलाई झन निरन्तर लोकतन्त्रको मूल्य मान्यता स्थापित गर्दै अघि बढ्न पलपल कठिन भएको भन्ने लौह पुरुष स्व. गणेशमान सिंहज्यूको उक्तिलाई स्मरण गर्नु भएको थियो । वर्तमान सरकारले लोकतन्त्रका आधारभूत मान्यताहरुलाई अवमूल्यन गर्ने कानूनहरु ल्याई अधिनायकवाद तर्फ अग्रसर भएकोले खवरदारी गर्नु परेको छ भन्नु भयो । उक्त कार्यक्रममा शहिद परिवार एवं शहिद पार्क निर्माण समितिलाई सम्मान गरिएको थियो । कार्यक्रमको सञ्चालन वडा नं.१० का वडा अध्यक्ष श्री तुलसीराम सापकोटाले गर्नु भएको थियो भने धन्यवाद ज्ञापन वडा नं.८ का वडा अध्यक्ष श्री ओजराज पौडेलले गर्नु भएको थियो ।

साथै आजै भानु नगरपालिका वडा नं.१३ टुटेपानी स्थित शहिद कृष्णबहादुर गुरुङको शालिकमा माल्यार्पण गरिएको थियो । स्थानीय हाजी रफिक मियाँको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख अतिथि समेत माननीय प्रकाशमान सिंहज्यूले गर्नु भएको थियो ।

अन्तमा उक्त म्याराथन कार्यक्रम सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण धावकहरु, जनप्रतिनिधिहरु, विभिन्न कार्यलयका प्रमुख, सुरक्षाकर्मी, नगरपालिकाका कर्मचारीहरु, टोल विकास संस्था, आमा समूह, विभिन्न विद्यालय परिवार, पत्रकार, मानुङकोट र पुलिमराङका स्थानीय दाजुभाई दिदीबहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गरिन्छ ।

२०७६/१०/१५

वैकुण्ठ न्यौपाने
नगर प्रमुख
व्यास नगरपालिका, तनहुँ